# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ सख्या ५ गाउँकार्यपालिकाबाट पारित मितिः २०८२।०३।२४

# भाग-२

## सिस्ने गाउँपालिकाको बालवालिका तथा समावेशी शिक्षा रणनीति, २०८२

परिच्छेद १: परिचय

### १.१ भौगोलिक पृष्ठभूमि

रुकुम पूर्वी भाग जिल्ला लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला हो । नेपालको सङ्घीय संरचनाले साविकको रुकुम जिल्लालाई रुकुम पश्चिम भाग र रुकुम पूर्वी भाग परिभाषित गरेपछि कान्छो जिल्लाको रुपमा रुकुम पूर्वी जिल्ला स्थापित छ । रुकुम पूर्वी भाग जिल्लाका सिस्ने गाउँपालिका, पुथा उत्तरगङ्गा गाउँपालिका र भूमे गाउँपालिका गरि तीन स्थानीय तह छन् भने सिस्ने गाउँपालिका हालको रुकुम पूर्वको सदरमुकाम रहेको पालिका हो ।

सिस्ने गाउँपालिकाको पूर्वमा पुथा उत्तरगङ्गा गाउँपालिका, पश्चिम भू-भागमा रुकुम पश्चिम जिल्लाका मुसिकोट नगरपालिका, आठबिसकोट नगरपालिका र बाँफिकोट गाउँपालिका पर्दछन भने उत्तरमा डोल्पा जिल्ला र दक्षिणमा भूमे गाउँपालिका पर्दछन् । यस गाउँपालिकाको वडा नं. ५ र ६ को भू-भाग भएर मध्यपहाडी राजमार्ग बनेको छ ।

सिस्ने गाउँपालिकाका आठवटा वडाहरु छन् । पालिकाको वडा नं. १ को केन्द्र सिस्नेको पाखापानीमा रहेको छ । वडा नं. २ को केन्द्र प्वाङको नायगाडमा रहेको छ । यसैगरी वडा नं. ३ को पोखरा गाउँमा र वडा नं. ४ को दादिङ गाउँमा वडाको केन्द्र रहेको छ । वडा नं. ५ र ६ को केन्द्र क्रमश रुकुमकोटको टाकुरा र छिप्रिदहमा रहेको छ भने वडा नं. ७ र ८ वडाको केन्द्र सान्चौर र धपे स्यालापाखामा रहेको छ । पालिकाको केन्द्र भने वडा नं. ५ स्थित कमलदहको छेउमा रहेको छ ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार सिस्ने गाउँपालिकाको कुल जनसङ्ख्या १८ हजार ५ सय ३४ रहेको छ भने जसमध्ये महिला ९ हजार ५ सय २० र पुरुष ९ हजार १४ रहेका छन् । कुल जनसंख्या मध्ये महिलाको जनसंख्या ५१.३७ प्रतिशत रहेको छ ।

बाउन्न पोखरी त्रिपन्न टाकुरी नामले परिचित रुकुम पूर्वी भागको यो गाउँपालिका ८२ डिग्री २९ मिनेट देखि ८२ डिग्री ४६ मिनेट पूर्वी देशान्तरसम्म र २८ डिग्री ३३ मिनेट देखि २८ डिग्री ५२ मिनेट उत्तरी अक्षांशसम्म रहेको छ । सिस्ने गाउँपालिकाको भूगोल समुद्री सतहबाट न्यूनतम ९३५ मिटर देखि अधिकतम ५८८५ मिटरसम्मको उचाईंमा रहेको छ । ३२७.१२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको हावापानी न्यानो समशीतोष्ण पहाडी रहेको छ । भूगोलका हिसाबले पहाड, लेक र हिमाल गरी तीन वटै भू-भागहरू रहेका छन् ।

## १.२ शैक्षिक पृष्ठभूमि

सिस्ने गाउँपालिकामा हाल ३८ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालय सञ्चालनमा छन्, जसमा बालविकासदेखि कक्षा १२ सम्मका विद्यार्थीहरू अध्ययनरत छन् । सिस्ने गाउँपालिकाको २०८२ को शैक्षिक तथ्यांक अनुसार कक्षा

बालविकास देखि कक्षा १२ सम्म ६६२९ बालबालिकाहरु अध्ययनरत छन् । जसमध्ये ३२४० बालिका र ३३८९ बालकको संख्या रहेको छ । यसैगरी दलित बिद्यार्थिको सङ्ख्या १२४२, जनजाति बिद्यार्थिको सङ्ख्या २६५०, ब्राहमण क्षेत्री बिद्यार्थिको सङ्ख्या २५१७ र अन्य बिद्यार्थिको सङ्ख्या २२० रहेको छ ।

अझैपनि, बिभिन्न तथ्याङ्कहरूको विश्लेषण गर्दा बालिका/महिलाहरूको विद्यालय सम्म पहुँच नपुगेको देखिन्छ, जसले लैङ्गिक असमानताको गहिरो समस्या संकेत गर्दछ । वाल बिवाह तथा उमेर नपुगी गरिने विवाहको अभ्यास, घरेलु कामको बोझ र सामाजिक मान्यताका कारणले बालिकाको शिक्षाको पहुँचमा बाधा पुगेको अवस्था छ । साथै, शैक्षिक गतिबिधिहरुमा, पाठ्यपुस्तक र पाठ्यक्रममा महिलाको न्यून प्रतिनिधित्व तथा सहभागिता र सामाजिक अभ्यास जस्ता तत्वहरुले पनि शिक्षामा लैङ्गिक पूर्वाग्रहलाई बल दिई सामाजिक समाबेशिकरणलाई अवरोध सिर्जना गर्दछ ।

उल्लेखित समस्यालाई सम्बोधन गर्न र लैंङ्गिकमैत्री पालिका बनाउन स्थानीय तहले शिक्षा नीतिहरूमा लैङ्गिक समावेशीता सुनिश्चित गर्ने, प्रारम्भिक बालविकास कक्षाको पहुँच विस्तार गर्ने, बालिकामैत्री पूर्वाधार विकास गर्ने र समुदायस्तरमा बालिकाको शिक्षा प्रवर्द्धन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने संरचनाको निर्माण गर्न आवश्यकता रहेको छ । साथै, शिक्षा बजेटमा लैङ्गिक समावेशी दृष्टिकोण अपनाएर लक्षित कार्यक्रमहरू सञ्चालन गर्दा समावेशी र न्यायोचित शिक्षातर्फ उल्लेखनीय सुधार ल्याउन सकिने अपेक्षा अनुरुप यो रणनैतिक योजनाको विकास गरिएको छ ।

## १.३ समस्या र चुनौती

यस सिस्ने गाउँपालिकाको शिक्षा क्षेत्रमा लैङ्गिक समानता, सामाजिक समावेशिता (GESI) र लैङ्गिक समानता तथा अपाङ्गता समावेशीता (GEDSI) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकताको बोध भएकोछ । बिशेषगरी अपाङ्गता भएका बालबालिका र सीमान्तकृत समुदायका बालबालिकाहरू अझै पनि शिक्षाबाट वञ्चित हुने अवस्था रहेको छ, जसको मूल जड सामाजिक रूढीवादी सोच, समुचित नीतिगत र कानूनी आधारको अभाव र विद्यालय तथा प्रशासनिक संयन्त्रमा GEDSI

समावेशी दृष्टिकोणको कमी हो। विशेषतः अपाङ्गता भएका बालबालिकाको पहुँच योग्य भौतिक पूर्वाधार, सहायक प्रविधि तथा सामग्री र शिक्षक क्षमता अभिवृद्धका कमीकमजोरीहरु रहेका छन्, जसले समावेशी सिकाइ वातावरण सिर्जना गर्न कठिन बनाएको छ।

GESI तथा GEDSI आधारित शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयहरूमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाको आवश्यकताअनुसार पाठ्यक्रम र मूल्याङ्कन प्रणाली अनुकूलन गर्नु आवश्यक छ। यस्ता समूहका बालबालिकालाई लक्षित गरिएका नीति कार्यक्रमहरू केवल घोषणा मात्रमा सीमित नभई व्यवहारमा कार्यान्वयन गर्न शिक्षकहरूलाई नियमित तालिम, पुनर्ताजगी प्रशिक्षण, र समावेशी शिक्षा उपकरणहरूको पहुँच आवश्यक हुन्छ। त्यस्तै, स्थानीय सरकार, समुदाय र विद्यालयबीच समन्वयमा आधारित उत्तरदायी संरचना विकास गरी शिक्षा क्षेत्रमा GEDSI केन्द्रीत परिवर्तनलाई संस्थागत सुधारको खाँचो छ।

## १.४ आवश्यकता

समावेशी शिक्षाको अवधारणा कार्यान्वयन गर्न यस्तो रणनीतिको आवश्यकता छ, जसले सबै बालबालिकालाई विशेष गरी बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायलाई गुणस्तरीय र समतामूलक शिक्षा सुनिश्चित गरोस् । सामाजिक विविधताको सम्मान, समान अवसरको पहुँच र सामुदायिक सहभागिताको विकासका लागि शिक्षा रणनीति अपरिहार्य छ। यसले समुदायमा शान्ति, एकता, समानता र समावेशीतालाई प्रोत्साहन गर्दछ।

## १.५ दृष्टिकोण, सिद्धान्त र मान्यता

बिद्यमान समाजमा रहेका परम्परागत सोच, सामाजिक समस्याहरु, बिभेद र लैंगिक असमानतालाई समावेशी शिक्षा रणनीतिले सम्बोधन गर्दछ । साथै यसले बालबालिकाको विविध आवश्यकतालाई स्वीकार गर्छ र विद्यालय, समुदाय तथा

सरकारलाई जिम्मेवार र उत्तरदायी बनाउँछ। सबै बालबालिकाले सिक्न सक्छन् भन्ने विश्वासमा आधारित यो दृष्टिकोणले शैक्षिक प्रणालीलाई लचिलो, समावेशी र न्यायपूर्ण बनाउँछ। विविध सांस्कृतिक, भाषिक र शारीरिक अवस्थालाई स्वीकार्दै, समान सहभागिता र अवसरमा जोड दिइन्छ।

### १.६ विद्यालय सुधार योजनामा अनुकूलन

हरेक बिद्यालयले तोकिएको समयसीमामा हरेक बर्ष बिद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्नुपर्ने हुन्छ । बिद्यालयको वातावरण समाबेशी र अपाङ्गतामैत्री बनाउनका लागि सिस्ने गाउँपालिका भित्रका सबै विद्यालयले बनाउने बिद्यालय सुधार योजनामा बालिका, अपाङ्गता भएका र सीमान्तकृत बालबालिकाको सामाजिक र शैक्षिक अवस्थालाई समेट्नु आवश्यक छ । योजना निर्माणमा समावेशी दृष्टिकोण अपनाउँदै, आवश्यकताका आधारमा लक्ष्य र गतिविधि तय गर्नुपर्छ। विद्यालय, वडा कार्यालय र नगरपालिकाले शैक्षिक बजेटमा समावेशी कार्यक्रम र अपाङ्गता मैत्री संरचनालाई प्राथमिकता दिनुपर्छ। यसले रणनीतिक कार्यान्वयनलाई सुदृढ बनाउँछ।

## परिच्छेद २

## दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता

### २.१ दीर्घकालीन सोच (Vision)

**'सामाजिक रुपान्तरण र न्यायमा सिस्नेको अपेक्षा; लैङ्गिक समानता, समावेशिता र समतामा आधारित शिक्षा'**

### २.२ लक्ष्य (Goal)

बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै उनीहरूको लागि समान, सुरक्षित र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने।

### २.३ उद्देश्यहरु (Objectives)

सिस्ने गाउँपालिकाको यस रणनीतिक योजनाका निम्न उदेश्यहरु रहेका छन् ।

१. सर्वसुलभ, सुरक्षित र संरक्षित वातावरणमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाको लागि समावेशी विद्यालय शिक्षाको सुनिश्चितता गर्ने,
२. लैङ्गिक र समावेशी उपागममा आधारित नीतिगत ढाँचा र कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने,
३. बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल तथा संरचना निर्माण र सशक्तीकरण गर्ने,
४. लक्षित समूहको सिकाइ उपलब्धिमा सुधारका लागि सहयोग पुग्ने वातावरणको निर्माण गर्ने,
५. समन्वय र सहजिकरण मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने,
६. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्ने,
७. शैक्षिक कार्यक्रम कार्यान्वयनको गुणस्तरीयतामा सुधार गर्ने ।

## २.४ रणनीतिहरु (Strategies)

| उदेश्यहरु | रणनीति |
|---|---|
| उदेश्य १: सर्वसुलभ, सुरक्षित र संरक्षित वातावरणमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाको लागि समावेशी विद्यालय शिक्षाको सुनिश्चितता गर्ने । | • स्थानीय तहको शिक्षा योजनामार्फत लक्षित समूहका आवश्यकता सम्बोधन गरिनेछ ।<br>• विद्यालयमा समावेशी भौतिक पूर्वाधार विकास गरिने छ ।<br>• शैक्षिक सुपरिवेक्षण तथा मूल्याङ्कन नीतिमा समावेशी दृष्टिकोण संलग्न गरिनेछ ।<br>• पठनपाठन र मूल्याङ्कन प्रणालीलाई बालिका तथा अपाङ्गता मैत्री बनाइनेछ।<br>• समावेशी शिक्षाको प्रवर्द्धनका लागि समुदाय तथा बिद्यालय स्तरमा जनचेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । |
| उदेश्य २: लैङ्गिक र समावेशी उपागममा | • पालिकाको नीति निर्माणमा लक्षित समुदायको सहभागिता सुनिश्चित गरिनेछ । |

| | |
|---|---|
| आधारित नीतिगत ढाँचा र कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने । | • स्थानीय तहमा बालिकामैत्री शिक्षा कार्यविधिको विकास तथा कार्यान्वयनको अभ्यास गरिनेछ ।<br>• सबै समुदाय, बर्ग, लिङ्ग र क्षेत्रलाई सम्बोधन गरी विद्यालय शिक्षामा मूलप्रवाहीकरण गरिनेछ ।<br>• पालिकाका नीति तथा योजनामा लैङ्गिक समानता सामाजिक समावेशी र अपाङ्गमैत्री विषय समावेश गरिनेछ । |
| उदेश्य ३: बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल तथा संरचना निर्माण र सशक्तीकरण गर्ने । | • पालिका अन्तर्गतका समिति तथा सञ्जालमा लक्षित समूहको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>• नीति पैरवी र सशक्तीकरणमा क्षमता विकासका कार्य गरिनेछ ।<br>• समावेशी शैक्षिक सूचक समेट्ने योजनाको विकास गरिनेछ ।<br>• बाल सञ्जाल, बालक्लब, किशोरी/बालिका सञ्जाल तथा समूहको गठन र क्षमता विकास गरिनेछ ।<br>• समुदाय स्तरमा अभिभावक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• लैंगिक समानता, सामाजिक समाबेशिकरण र अपाङ्गता सम्बन्धीका सूचना, सामग्रीहरु प्रकाशन र प्रचार-प्रसार गरिनेछ । |
| उदेश्य ४: लक्षित समूहको सिकाइ उपलब्धिमा सुधारका लागि सहयोग पुग्ने वातावरणको निर्माण गर्ने । | • विद्यालयको शैक्षिक नतिजा सुधारका कार्यक्रममा सहयोग गरिनेछ ।<br>• शिक्षक र विद्यार्थीको उपस्थिति वृद्धिका लागि आवश्यक कार्यक्रमहरुको विकास गरिनेछ ।<br>• पालिका तहमा शैक्षिक उपलब्धि मूल्याङ्कन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• परीक्षा प्रणालीलाई समाबेशीता र अपाङ्गता मैत्री बनाइनेछ । |
| उदेश्य ५: समन्वय र | • बैठक तथा छलफल मार्फत समस्या समाधान र |

| | |
|---|---|
| सहजिकरण मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने । | निष्कर्षको अभ्यास गरिनेछ ।<br>• पालिका अन्तर्गतका बिभिन्न संयन्त्रमा स्पष्ट जिम्मेवारी तोकिनेछ ।<br>• गुणस्तरीय र प्रभावकारी सञ्चार प्रणालीको विकास गरी सूचनामा सबैको पहुँच बृद्दि गरिनेछ । |
| उदेश्य ६: नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्ने । | • बिद्यालयको निरन्तर नतिजामा आधारीत अनुगमन प्रणाली स्थापना गरिनेछ ।<br>• लक्षित समूहसम्बन्धी तथ्याङ्क संकलन र मामिला अध्ययनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• नीति निर्माणमा तथ्याङ्कको उपयोग गरिनेछ । |
| उदेश्य ७: शैक्षिक कार्यक्रम कार्यान्वयनको गुणस्तरीयतामा सुधार गर्ने । | • पठनपाठन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• कक्षा व्यवस्थापनमा समता नीति लागु गरिनेछ । |

## परिच्छेद ३:
## संयन्त्र संरचना र कार्यविवरण

### ३.१ संयन्त्र संरचना, नीति र कार्यबिवरण

नीति ३.१.१ स्थानीय तहको पालिका वडा र विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा समिति गठन गर्ने र कार्यविवरण तयार गर्ने

रणनीति ३.१.१.१ स्थानीय शिक्षा ऐन र कार्यविधिमा पालिका स्तरीय बालिका समावेशी शिक्षा समिति गठनको व्यवस्था गर्ने

रणनीति ३.१.१.२ स्थानीय शिक्षा ऐन र कार्यविधिमा पालिका स्तरीय बालिका समावेशी शिक्षा समितिका काम, कर्तव्य र जिम्मेवारी तोक्ने

नीति ३.१.२ स्थानीय तहको वडा स्तरीय बालिका तथा समावेशी शिक्षा समिति गठन गर्ने र कार्यविवरण तयार गर्ने ।

रणनीति ३.१.२.१ स्थानीय शिक्षा ऐन र कार्यविधिमा वडा स्तरीय बालिका समावेशी शिक्षा समिति गठन गरी परिचालन गर्ने ।

रणनीति ३.१.२.२ स्थानीय शिक्षा ऐन र कार्यविधिमा पालिका स्तरीय बालिका समावेशी शिक्षा समितिका काम, कर्तव्य जिम्मेवारी तोक्ने ।

नीति ३.१.३ स्थानीय तहको विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा समिति गठन गर्ने र कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने ।

रणनीति ३.१.३.१ स्थानीय शिक्षा ऐन र कार्यविधिमा विद्यालयस्तरीय बालिका समावेशी शिक्षा समिति गठन गर्ने ।

रणनीति ३.१.३.२ स्थानीय शिक्षा ऐन र कार्यविधिमा विद्यालय स्तरीय बालिका समावेशी शिक्षा समितिका काम, कर्तव्य जिम्मेवारी तोक्ने ।

परिच्छेद ४:

**योजना कार्यान्वयन र अनुगमन (Implementation and Monitoring Framework)**

- स्थानीय तहले रणनीतिक योजना कार्यान्वयनका लागि जिम्मेवारी निर्धारण गर्ने।
- पालिका, वडा र विद्यालय तहमा योजना कार्यान्वयन टोली गठन गर्ने।
- प्रगति समीक्षा र अनुगमनको लागि नियमित बैठक र प्रतिवेदन प्रणाली विकास गर्ने।
- उपलब्ध तथ्यांक र प्रतिफलका आधारमा योजना परिमार्जन गर्ने।

**बालिका र समावेशी शिक्षाका लागि कार्यान्वयन तथा अनुगमन कार्ययोजना**

२.३.१ सुलभ, सुरक्षित र संरक्षित वातावरणमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाको लागि समावेशी विद्यालय शिक्षाको सुनिश्चितता।

रणनीति: स्थानीय तहको शिक्षा योजनामार्फत लक्षित समूहका आवश्यकता सम्बोधन।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| शैक्षिक सचेतना कार्यक्रम सञ्चालन | समुदायमा शिक्षा प्रतिको सकारात्मक दृष्टिकोण | पालिका शिक्षा शाखा, GIEN, विद्यालय | प्रत्येक शैक्षिक सत्रको सुरुवात | आयोजित कार्यक्रम संख्या, सहभागी संख्या |
| बालबालिका पहिचान र घरघर भ्रमण | विद्यालय तथा अवस्था नक्सांकन र नामांकनमा सुधार | विद्यालय, पालिका, समुदाय विद्यालय व्यवस्थापन समिति | जेठ–असार | नयाँ नामांकन संख्या, भर्ना दर |

रणनीति: विद्यालयमा समावेशी भौतिक पूर्वाधार विकास ।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| बालमैत्री शौचालय निर्माण | छात्र-छात्राहरूका लागि सुरक्षित वातावरण | पालिका, विद्यालय, NGO | चालु आ.व. | सुधार गरिएका विद्यालय पूर्वाधार संख्या |
| स्वच्छ पिउने पानी तथा हात धुने सुविधा | स्वस्थ वातावरण सिर्जना | विद्यालय, पालिका | चालु आ.व. | सञ्चालित सेवा संख्या |

रणनीति: पठनपाठन र मूल्याङ्कन प्रणालीलाई बालिका तथा अपाङ्गता मैत्री बनाउने ।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| पाठ्यक्रम समावेशीकरण | शिक्षण सिकाइ सहज | शिक्षा शाखा, पाठ्यक्रम केन्द्र | वर्षभर | समावेशी सामग्री समावेश दर |
| शिक्षकहरूका लागि समावेशी शिक्षण तालिम | शिक्षकको व्यवहारमा सकारात्मक परिवर्तन | पालिका, शिक्षा शाखा | माघ–चैत्र | तालिमप्राप्त शिक्षक संख्या |

२.३.२ लैङ्गिक र समावेशी उपागममा आधारित नीतिगत ढाँचा र कार्यविधि निर्माण ।

रणनीति: नीति निर्माणमा लक्षित समुदायको सहभागिता सुनिश्चित ।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार | समयसीमा | अनुगमन |
|---|---|---|---|---|

| | | निकायहरू | | सूचकहरू |
|---|---|---|---|---|
| नीति निर्माण बैठक आयोजना | समुदायको आवाज नीतिमा समेटिने | पालिका, GIEN | त्रैमासिक | बैठक संख्या, सहभागिता दर |

रणनीति: विद्यालय शिक्षाको मूलप्रवाहीकरण।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| विद्यालय सुधार योजना अद्यावधिक | नीतिगत एकरूपता | विद्यालय, शिक्षा शाखा | प्रत्येक वर्ष | अद्यावधिक विद्यालय योजना संख्या |

२.३.३ बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल तथा संरचना निर्माण र सशक्तीकरण।

रणनीति: समिति तथा सञ्जालमा लक्षित समूहको प्रतिनिधित्व सुनिश्चित।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| बाल अधिकार समितिमा प्रतिनिधित्व | अधिकार र अवसरमा पहुँच | पालिका, समिति | वार्षिक | प्रतिनिधित्व दर |

रणनीति: नीति पैरवी र सशक्तीकरण क्षमता विकास।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| GIEN क्षमता विकास तालिम | नीति पैरवी गर्न सक्ने क्षमतावान समूह | पालिका, GIEN, साझेदार | चैत्र | तालिम संख्याः सहभागीताः |

२.३.४ लक्षित समूहको सिकाइ उपलब्धिमा सुधारका लागि सहजीकरण।

रणनीति: विद्यालयलाई परीक्षाफल सुधारका कार्यक्रममा सहयोग।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| पुनः सिकाइ कार्यक्रम सञ्चालन | शैक्षिक उपलब्धिमा वृद्धि | विद्यालय, पालिका | फागुन–जेठ | पुनः सिकाइमा सहभागी संख्या |

रणनीति: परीक्षा प्रणालीलाई अपाङ्गता मैत्री बनाउने।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| पृथक मूल्याङ्कन विधि विकास | समान अवसर सुनिश्चित | शिक्षा शाखा, परीक्षा समिति | वार्षिक | मूल्याङ्कनमा सुधारको संकेत |

रणनीति: सामुदाय स्तरमा चेतनामूलक कार्यक्रम।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| रेडियो, पोस्टर, नाटक आदि माध्यमद्वारा सन्देश | जनचेतनाको स्तरमा वृद्धि | पालिका, NGO | वर्षभर | सञ्चालित कार्यक्रम संख्या |

रणनीति: बाल सञ्जाल, बालक्लब आदिको गठन र क्षमता विकास।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| नेतृत्व तालिम | बालबालिकाको सशक्त आवाज | विद्यालय, बाल क्लब | चैत्र | सक्रिय बाल क्लब संख्या |

२.३.५ समन्वय र सहजीकरण मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित।

रणनीति: बैठकमार्फत समस्या र समाधानको छलफल।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| समन्वय बैठक आयोजना | समस्या समाधानमा गति | पालिका, सरोकार निकाय | त्रैमासिक | बैठक संख्या |

२.३.६ नतिजा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना।

रणनीति: निरन्तर अनुगमन प्रणाली स्थापना।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| नियत अन्तरालमा विद्यालय अनुगमन | सुधारका लागि साक्ष्य | पालिका, शिक्षा शाखा | मासिक | अनुगमन प्रतिवेदन संख्या |

२.३.७ शैक्षिक कार्यक्रमको कार्यान्वयनमा गुणस्तर सुधार।

रणनीति: पठनपाठन सुधारका कार्यक्रम सञ्चालन।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| शिक्षक दक्षता विकास तालिम | गुणस्तरीय शिक्षण | पालिका, शिक्षक संघ | माघ–चैत्र | तालिम संख्याः सहभागीताः |

रणनीति: बहुभाषिक शिक्षा र बहुपाठ्यपुस्तकको प्रयोग।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| स्थानीय भाषामा शिक्षण सामाग्री विकास | शिक्षण पहुँच वृद्धि | विद्यालय, पाठ्यक्रम विकास केन्द्र | वर्षभर | सामाग्री संख्या |

# परिच्छेद ५
# वित्तीय स्रोत पहिचान, व्यवस्थापन तथा जोखिम व्यवस्थापन

## ५.१ स्रोत पहिचान

रणनीति ५.१.१ सङ्घीय तथा प्रदेश सरकारका निकायहरुबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

रणनीति ५.१.२ स्थानीय तहको पालिका र वडा कार्यालयहरुबाट प्राप्त हुने प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

रणनीति ५.१.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेधार संस्थाहरूबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

रणनीति ५.१.४ निजी क्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

रणनीति ५.१.५ अन्य क्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

## ५.२ वित्तीय स्रोत व्यवस्थापन

रणनीति ५.२.१ पालिकाको वित्तीय समानीकरण र आन्तरिक स्रोतका आधारमा यथार्थ बजेट र कार्यक्रम निर्माण गर्ने ।

रणनीति ५.२.२ कार्यान्वयन गर्ने पक्षले समयै रकम माग गर्ने र समयमै कार्यक्रम सम्पन्न गर्ने ।

रणनीति ५.२.३ खर्चलाई लक्ष्य, मापदण्ड र बजेटको सीमाभित्र राख्ने ।

रणनीति ५.२.४ स्थानीय तहको पालिका तथा वडास्तरीय बजेटका अतिरिक्त अन्य स्रोतहरुबाट वित्तीय र भौतिक सहयोगहरु जुटाउने ।

## ५.३ वित्तीय जोखिम अनुमान र व्यवस्थापन

### ५.३.१ वित्तीय जोखिम अनुमान

रणनीति ५.३.१.१ बजेट रकमान्तर र संशोधन हुँदा कार्यक्रमको बजेट आंशिक वा पूर्ण रुपमा वित्तीय अनिश्चितता उत्पन्न हुनु ।

रणनीति ५.३.१.२ पालिकाको कार्यक्रम र बजेटमा प्राथमिकता प्राप्त हुन सक्नु ।

रणनीति ५.३.१.३ कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको समिति वा शाखाबाट समयमा कार्य सम्पन्न नहुँदा कार्यक्रमको बजेट खेर जानसक्नु ।

रणनीति ५.३.१.४ कार्यविधि र मापदण्डको पालना नगर्नाले वा कार्यविधि बिना कार्यक्रम सञ्चालन गर्नाले बेरुजू भई कार्यक्रमको विश्वसनीयतामा कमी हुन सक्नु ।

रणनीति ५.३.१.५ सङ्घीय वा प्रदेश वा स्थानीय सरकारको ऐन, कानून, नीति, नियममा हुने परिवर्तनले खर्च गर्ने मापदण्डहरु परिवर्तन हुन सक्नु ।

### ५.३.२ वित्तीय जोखिम व्यवस्थापन

रणनीति ५.३.२.१ पालिकाका सम्बन्धित पक्ष र सरोकारवालाहरु बजेट रकमान्तर र संशोधनमा ध्यान दिने ।

रणनीति ५.३.२.२ पालिका र विद्यालयस्तरीय कार्यक्रमहरु समयमै सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

रणनीति ५.३.२.३ बैठकको निर्णय, कार्यविधि र खर्च गर्ने मापदण्ड बमोजिम बजेट खर्च गर्ने ।

रणनीति ५.३.२.४ कार्यक्रमको योजना, कार्यान्वयन प्रक्रियामा हुन सक्ने मानवीय त्रुटिहरु प्रति सचेत र सजग रहने ।

रणनीति ५.३.२.५ प्राविधिक र खरिद प्रक्रिया सम्बन्धी विषय विज्ञको सहयोग लिएर कार्यक्रम सञ्चालन गर्ने ।

रणनीति ५.४.२.६ कार्यक्रम तयारी बैठक र समीक्षा बैठकहरु गर

आज्ञाले,

रेवत बहादुर वुढाथोकी

प्रमुख प्रशासकिय अधिकृत